# प्रेस विज्ञप्ति








**एभरेष्ट कलर लिमिटेडको दोस्रो वार्षिक साधारण सभा सम्पन्न**

**भक्तपुर, मंसिर २९ –**
**एभरेष्ट कलर लिमिटेडको दोस्रो वार्षिक साधारण सभा (AGM) आज मिति २०८२ मंसिर २९ गते सोमबार (१५ डिसेम्बर २०२५) त्रिशक्ति बैंक्वेट, कौशलटार, भक्तपुर मा सफलतापूर्वक सम्पन्न भएको छ।**

**कम्पनीका अध्यक्षको अध्यक्षतामा सम्पन्न उक्त सभामा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदनसहितको वित्तीय विवरण (वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण) माथि विस्तृत छलफल गरी सर्वसम्मतिले पारित गरिएको छ।**

**साधारण सभाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पनि पारित गरेको छ। साथै, सञ्चालक समितिबाट यस अवधिमा भएका निर्णय तथा कार्यकारवाहीहरू अनुमोदन गरिएको छ।**

**विशेष प्रस्तावअन्तर्गत कम्पनीको प्राथमिक शेयर निष्काशन (IPO) सम्बन्धी विषयमा छलफल गरी आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरिएको छ। त्यसैगरी, नियमनकारी निकायको निर्देशनअनुसार आवश्यक परेमा प्रवन्धपत्र तथा नियमावली संशोधन गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रदान गरिएको छ।**

**सभामा कम्पनीका शेयरधनी, सञ्चालक समिति सदस्यहरू तथा व्यवस्थापन टोलीको उल्लेखनीय सहभागिता रहेको थियो। कम्पनीले आगामी दिनमा उत्पादन क्षमता विस्तार, गुणस्तर सुधार तथा दिगो विकासमा केन्द्रित रहने प्रतिबद्धता व्यक्त गरेको छ।**